सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २४ अंक २४३, २०८१ साल पुस ०४ गते बिहीबार ( Dec - 19, 2024) नेपाल सम्वत ११४५ पृष्ठ ४ मूल्य रु. ०५।-

# लागु औँषध सेवन गरी सवारी चलाउने चालकहरुको संख्या बढ्दै

● प्रभात समाचार

सिन्धुली,३पुस/बिपि राजमार्गमा सवारी साधनचलाउने चालकहरुको संख्या बढ्दै गएको पाईएको छ। चालकहरुको स्वास्थ्य परिक्षणको क्रममा यस्तो फेला परेको प्रहरीले बताएको छ।

बुधवार जिल्लाप्रहरी कार्यालयको अगुवाईमाकमलामाई नगरपालिका ९ भिमानबसपार्कमा सवारी चालकहरुको स्वास्थ्य परिक्षणका क्रममा७जनाचालकहरुले लागु औषध सेवनगरी सवारी साधनचलाएको फेला परेको जिल्लाप्रहरी कार्यालयकाप्रहरी प्रमुखतथाप्रहरी उपरिक्षक गोविन्द राजकाफ्लेले बताए।

जिल्लाप्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, इलाकाप्रहरी कार्यालय भिमानको समन्वयमार जनस्वास्थ्यकार्यालय सिन्धुलीको प्राविधिक सहयोगमाविपि राजमार्गमाचल्ने सवारी चालकहरुको स्वास्थ्य परिक्षण गरिएको हो। सवारी दुर्घटना रोकथामतथान्युनिकरण गर्ने, यात्रु र चालकहरुलाई सचेत गराउने उदेश्यले चालकहरुको स्वास्थ्य परिक्षण गरिएको जनस्वास्थ्यकार्यालय सिन्धुलीले जनाएको छ।

राजमार्गमाचल्ने ट्रक, ट्र्याक्टर, मोटरसाइकल, इलेक्ट्रिक भ्यान, हायस, निजि सवारीहरु गरि ६५ जनाचालकको स्वास्थ्य परिक्षण गरिएकोमा७जनामालागु पदार्थ सेवनगरिएको रिपोर्ट पोजेटिभ आएको काफ्लेले बताए।

परिक्षणको क्रममालागुपदार्थ सेवन गरेको भेटिएका ७जनाचालकहरुलाई प्रहरीले हिरासतमा राखीकार्वाहि अगाडी बढाइने प्रहरीले जनाएको छ। स्वास्थ्य परिक्षणका क्रममाजनस्वास्थ्यकार्यालय सिन्धुलीकाप्रमुख गजेन्द्र प्रसादयादव, जनस्वास्थ्यकार्यालय सिन्धुलीकाफोकल पर्सन गंगारामकार्की, जिल्ला ट्राफिक प्रहरी कार्यालय सिन्धुलीकाप्रहरी निरिक्षक इश्वर बहादुर थापा, इलाकाप्रहरी कार्यालय भिमानकाप्रहरी



निरिक्षक टंक कार्कीलगायतको उपस्थिती रहेको थियो।

जिल्लाप्रहरी कार्यालय,सिन्धुली, जिल्ला ट्राफिक प्रहरी कार्यालय,सिन्धुलीको संयुक्तआयोजनातथाजिल्ला जन-स्वास्थ्यकार्यालय,सिन्धुलीको प्राविधिक सहयोग र इलाकाप्रहरी कार्यालय,भिमानबाट खटिएको संयुक्त टोलीले सवारी दुर्घटना न्युनिकरण गर्ने र सवारी साधनको माध्यमबाट लागु पदार्थ ओसारपसार कार्यलाई रोकथामगर्ने उद्वेश्यअनुरुपअभियान संचालन गरेको प्रहरी उपरिक्षक काफ्लेले बताए।

सातजनासवारी चालकहरुको लागु पदार्थ सेवनगरेको रिपोर्ट भेटिएको हुँदानिजहरुलाई लागु औषध नियन्त्रण ऐन वमोजिमआवश्यककारवाहीको लागिप्रक्रिया अगाडि बढाइएको काफ्लेले बताए।

लागु पदार्थ सेवनगर्ने चालकहरुमाबर्दीबासबाट काठमाण्डौ जाँदै गरेकोबा.प्र.०६-००१ज ०१४५ नं. को ईभीचालकजिल्लामहोत्तरी,बर्दीबास नं.पा. १४ बस्ने वर्ष २७को सौरभ भुजेल, राजविराजबाट काठमाण्डौ जाँदै गरेको बा.प्र.०१-००५ख ९६७१ नं. को हायस चालकजिल्ला सप्तरी,रुपनीगा.पा.२ बस्ने वर्ष ३६ को गजेन्द्र कुमार यादब, झापाबाट काठमाण्डौ जाँदै गरेको बा ५ ख ४१९० नं. को हायस चालकजिल्ला झापा,बुद्ध शान्तीगा.पा. २ बस्ने अं. वर्ष ३१ को तुल्सीदर्जी रहेको काफ्लेले बताए।

यसैगरी लागु औषध सेवनगर्ने चालकहरुमा कटारीबाट सर्लाहीजाँदै गरेको प्र.२-०१-००१ख ००७० नं. को ट्रक चालकजिल्लाउदयपुर,कटारी नं.पा. १४ बस्ने वर्ष ३० को चन्द्र बहादुर दमाई, सर्लाहीबाट काठमाण्डौ जाँदै गरेको ना १ ज ८७१४ नं. को विङ्गर चालकजिल्ला सर्लाही,लालबन्दी न.पा. ५ बस्ने वर्ष ४१ को राजकुमार घिमिरे , सर्लाहीबाट खुर्कोट जाँदै गरेको प्र.२-०४-००१ च ०११४ नं. को पिकअपचालकजिल्ला सर्लाही,लालबन्दी नं.पा.५ बस्ने वर्ष २४ को विष्णु अधिकारी, काठमाण्डौबाट झापाजाँदै गरेको बा ४ ख ६६७७ नं. को हायस चालक जिल्ला दोलखा,कालिन्चोक गा.पा. ९ बस्ने वर्ष ४३ को दिपक राजचिमरीया रहेको प्रहरी उपरिक्षक काफ्लेले बताए।

# पछिल्ला सामाजिक अपराधजन्य घटनामा वृद्धि

● प्रभात समाचार

काठमाडौं ३ पुस / पछिल्ला सामाजिक अपराधजन्य घटनामा वृद्धि भएको नेपाल प्रहरीको तथ्याङ्कले देखाएको छ।बुधबार नेपाल प्रहरीले चालु आर्थिक वर्ष (२०८१/८२)को पहिलो चौमासिकको तथ्याङ्क सार्वजनिक गर्दै सामाजिक अपराधका घटनाहरु बढ्दो क्रममा रहेको



जनाएको हो।

चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्मको मुद्दा दर्ता विवरण सार्वजनिक गर्नुहुँदै नेपाल प्रहरीका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले दैनिक औसतमा १६२ वटा मुद्दा दर्ता हुने गरेको बताए।

उनले आत्महत्याका दैनिक २० वटा घटना र जबरजस्ती करणीका दैनिक सात वटा मुद्दा दर्ता हुने गरेको बताए। उनले गत आर्थिक वर्षको पहिलो चार महिनाको तुलनामा यस वर्षको सोही अवधिमा अपराधका घटनाहरु बढेको बताए।

उनले कर्तव्य ज्यानमा गत वर्षको यो अवधीमा १९३ मुद्दा दर्ता भएको मा यो वर्ष १९२ मुद्दा दर्ता भएको जानकारी दिए। त्यस्तै जबरजस्ती करणीमा कात्तिक मसान्तसम्म ८२३ वटा मुद्दाहरु दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधमा ८०९ वटा मुद्दाहरु दर्ता भएका थिए।

जबरजस्ती करणीको उद्योगमा गत आर्थिक वर्षको पहिलो चार महिनामा १६३ मुद्दाहरु दर्ता भएकोमा यस वर्षको सोही अवधीमा बढेर १८६ वटा पुगेको छ। सङ्गठिक अपराधमा गत वर्ष पाँच वटा मुद्दा परेकोमा यस वर्ष ३९ मुद्दा दर्ता भएका छन्। लागूऔषधसम्बन्धी मुद्दाहरु गत आर्थिक वर्षको पहिलो चौमासिकमा एक हजार ३६९ रहेकोमा अहिले बढेर एक हजार ६१९ पुगेको छ।

माजिक र आर्थिक अपराध कम गर्नको लागि प्रहरीले देशभर सचेतना अभियान सञ्चालन गरिरहेको प्रहरी प्रवक्ता अधिकारीले बताए।

# श्रमिकको पिडा भने आफ्नै छन्

● प्रभात समाचार

काठमाडौं ३ पुस / वैदेशिक रोजगारको क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी संस्थाले अन्तर्राष्ट्रिय आप्रवासन श्रमिक दिवसको अवसर पारेर देशभर सप्ताहव्यापी कार्यक्रम गरिरहेका छन्। उनीहरूले वैदेशिक रोजगारीका क्रममा ठगिएका श्रमिकलाई न्याय दिन सफल भएको भन्दै तथ्यसमेत सार्वजनिक गरिएका छन् तर श्रमिकको पिडा भने आफ्नै छन्।

वैदेशिक रोजगार विभागको महानिर्देशक सूर्यबहादुर खत्रीले विभागमा आएका अधिकांश उजुरीको सुनुवाइ गरेको दाबी गर्नुहुन्छ। चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिनामा विभागमा परेका करिब नौ सय उजुरीमध्ये आधार उजुरीको मिलापत्र गरी विगतको तुलनामा धेरै सुधार गरेको उनको दाबी छ।

पर्वतका विवेक अधिकारी भने यो दाबीलाई ठाडै अस्वीकार गर्नुहुन्छ। “पोल्यान्डको स्टार होटेलमा कुकमा काम गर्न गाउँकै चिनेका दाइ पर्नेलाई ऋण गरेर सात लाख रुपियाँ बुझाएको दुई वर्ष भइसक्यो,” उनले भन्नुभयो, “विदेश जाने त परैको कुरा त्यो पैसा उठाउने आसमा काठमाडौँ (विभाग) धाउँदा एक लाख रुपियाँ ऋण थपियो।” अधिकारी जस्ता धेरै युवा युरोपको आकर्षक रोजगारीको प्रलोभनमा परेर ठगिएका छन्।

श्रमिकको हक अधिकारका लागि ल्याइएका कतिपय दस्तावेज कागजमा मात्रै सीमित हुँदा उनीहरूले आफ्ना आधारभूत हक अधिकार उपभोग गर्न पाएका छैनन्। आप्रवासी श्रमिकको पारिश्रमिक तथा सेवासुविधामा ठुलो अन्तर छ। एउटा भनेर अर्को काममा लगाउने, भनेजति तलब नदिने, तलब कटौती वा रोक्का गरिदिने, दैनिक १२ घण्टाभन्दा बढी काममा खटाएर पनि ‘ओभरटाइम’ को तलब नदिने जस्ता विद्यमान समस्या श्रमिकसामु छन्। खाने, बस्नेलगायत आधारभूत आवश्यकताका समस्या झेल्न आप्रवासी श्रमिक बाध्य छन्। मलेसियालगायत कतार, साउदी, कुवेत, बहराइन, ओमानलगायत मुलुकमा आप्रवासी श्रमिकलाई पशुसरह व्यवहार गरिने प्रवृत्तिले बढावा पाइरहेको छ। श्रमिक बिरामी हुँदा औषधोपचार नगरी काममा



खटाइएका गुनासा बढिरहेका छन्। करार अवधि सकिएपछि पनि उनीलाई स्वदेश फर्कन नदिई बन्धक बनाएर राख्ने प्रवृत्ति पनि पेचिलो बन्दै गइरहेको छ।

वैदेशिक रोजगार प्रवर्धन बोडका अनुसार गएको १५ वर्षमा वैदेशिक रोजगारीमा गएका १४ हजार ४४० जनाले ज्यान गुमाएका छन्। गम्भीर बिरामी तथा अङ्गभङ्ग भएर फर्किएका तीन हजार ४४० श्रमिकले बोर्डबाट आर्थिक सहायता प्राप्त गरेका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी वैदेशिक रोजगारीले देशको अर्थतन्त्र उकासन मह□वपूर्ण हुँदाहुँदै पनि यसमा बेथिति पनि बढेको स्वीकार गर्नुहुन्छ। स्वदेशमा श्रम शक्तिको अभाव, सामाजिक रूपमा पारिवारिक विखण्डनलगायतका नकारात्मक प्रभाव एवं बौद्धिक तथा श्रम पलायन जस्ता प्रमुख चुनौती बढ्दै गएको उनको भनाइ छ।

विश्व बैङ्कको अक्टोबर २०२४ को प्रतिवेदन अनुसार नेपालमा कुल गार्हस्थ उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाइभन्दा बढी रहनुले वैदेशिक रोजगारको महत्वलाई उजागर गरेको भए पनि यस क्षेत्रलाई सुरक्षित बनाउन सकिएको छैन। यसरी वैदेशिक रोजगारीबाट ५६ प्रतिशत घरधुरीले नियमित रूपमा विप्रेषण पाइरहेको तथ्यलाई मान्दा र प्रतिघरधुरी औसत परिवार सङ्ख्या ४.८८ का आधारमा नेपालमा हाल ३० लाख ३९ हजार घरधुरीका एक करोड ४८ लाखभन्दा बढी मानिस अहिले पनि वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणमा आश्रित रहेका छन्।

## च्याउकोटबाट चियाउँदा



प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### कृषिउत्पादन बढ्दै

यस वर्ष मौसले साथदिएकाले कृषकहरुले समयमनै धानबालिलगाउन सफलभए। यो सान्है खुसीको कुरा हो। यो वर्ष समयमै मनसुन सुरु भएकाले जिल्लामा ९०प्रतिशतधान रोपाई भएको थियो।

कृर्षि मन्त्रालयले पनि यस वर्ष धानवाली राम्रो हुने भएकाले देशमाखाद्ययन्न संकट नपर्ने वताएको छ। गतवर्ष देशमा अन्यत्रवाट खाद्ययन्नल्याउनु परेको थियो भने यस वर्ष देशमा २ प्रतिशतउत्पादितखाद्यनमौजाद रहने उल्लेख गरेको छ। यस वाट देशवासीमा केहीउत्साह छाएको छ। देशमाअन्नउत्पादनमा वृद्धि हुने र देश आत्मनिर्भर हुने कुराले खुसीहुनु राम्रो कुरो हो। कृषकहरुले समयमै वालिहरु लगाउनपाएकाले उत्पादनमा वृद्धि भयो। नेपालकाअधिकाशं कृषकहरुले अहिले सम्मपनि परम्परागत प्रणालिवाटै कृषि पेशागर्दै आएका छन। उत्पादन राम्रो हुनउन्नतविउविजनत्यसलाई चाहिने मलखाद्य , त्यसमालाग्ने रोग सम्वन्धीजानकारीकालागिप्राविधिकको आवश्यत्ता पर्दछ। तर नेपालका कृषकहरुले अहिले सम्म जे जतीउत्पादन गरेका छन ती सवै आफ्नै ज्ञान र सिपले उत्पादन गरेकाहुन। कृषकहरुले वालीलगाउने वेलामाविउ ,मलनपाएको खवर आइरहेको वेला सरकार र मन्त्रीहरुले कृषिमायतिउतीउत्पादन वढ्ने अनुमान गरेको सुन्दाजनताले यस्तो अनुमानलाई कसरी पत्याउने ? कृषकहरुले वेलैमाविउविजन,मलखाद्यनपाउदा त दिनप्रतिदिनउत्पादन वृद्धि गरि रहेका छन भने सरकारले आधुनिक कृषि प्रणालि अनुसार खेतिपातिलगाउन प्रेरित गर्ने हो भने यसमाअझ वृद्धि हुने कुरामादुईमत छैन। सरकारले कृषिमाआधुनिकरण भित्रयाउने हो र यस प्रतियुवालाई आकर्षित गर्न सके वेरोजगार समस्या केहीहद सम्मभएपनिहलहुने छ। देशखाद्यन्नमाआत्मनिर्भर हुने थियो। अहिले २ प्रतिशतमौजाद रहेको खाद्यन्नशतप्रतिशतमौजाद रहने कुरामादुइमत छैन। यस तर्फ सचेत भइ सरकाले कृषिक्षेत्रकालागि छुट्टै नीतिल्याउनु आवश्यक देखिन्छ।

शिद्धबाबा दाना चल्ला सप्लायर्स
क.न.पा:-६, कृषि उपज बजार, सिन्धुली

यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ।
यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलब्ध छ।





सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००, ०४७-५२०६१२

# शिक्षामा सुधार अपरिहार्य



प्रवीनकुमार यादव

**शिक्षा सुधारको सबैभन्दा ठूलो चुनौती भनेको देशभर असमानताको अवस्था हो। हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रको भौतिक, आर्थिक र सामाजिक अन्तरले शिक्षामा ठूलो विभेद निम्त्याएको छ। उदाहरणका लागि, नेपालको दुर्गम गाउँमा अझै पनि धेरै बालबालिका विद्यालय बाहिर छन्। शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार, ग्रामीण क्षेत्रमा १५ प्रतिशत बालबालिका आधारभूत शिक्षा पनि पूरा गर्न नसक्ने अवस्थामा छन्।**

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मन्डेलाले भन्नुभएको छ कि 'शिक्षा दुनियाँ परिवर्तन गर्ने शक्तिशाली हतियार' हो। वास्तवमा हो पनि तर विडम्बना शिक्षा समाजको समग्र विकासको मेरुदण्ड हुँदा पनि यसको अवस्था भने दयनीय रहेको छ। जहाँ संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। शिक्षाले समग्र मानव जीवनलाई सभ्य, सुशील र दिगो विकासमा योगदान दिन सक्षम बनाउने माध्यमका रूपमा मानिन्छ। वर्तमान युगमा शिक्षाले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धहरू, सामाजिक न्याय, र आर्थिक प्रगतिलाई सुदृढ बनाउन विशेष मह□व राख्छ। विश्वव्यापीकरणले गर्दा शिक्षा व्यक्ति, समुदाय र राष्ट्रको समृद्धिका लागि अपरिहार्य साधन बनेको छ। यद्यपि नेपाल जस्तो विकासोन्मुख देशका लागि समावेशी र अद्यावधिक शिक्षा प्रणाली निर्माण गर्न गम्भीर सुधारको आवश्यकता छ।

कानुनी प्रावधान र तिनको महत्व

नेपालको संविधानको धारा ३१ ले शिक्षा अधिकारलाई मौलिक हकका रूपमा परिभाषित गरेको छ। धारा ५१ को निर्देशनात्मक सिद्धान्तमा शिक्षालाई समानता, समावेशिता र गुणस्तरीय बनाउन राज्यको दायित्व सुनिश्चित गरिएको छ। साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार, अशक्त व्यक्ति, दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय र विपन्न वर्गका लागि विशेष व्यवस्था गरिने छ र शिक्षा निजीतर्फ मात्र सीमित हुनु नहुने र सामाजिक न्यायसहित राज्यले शिक्षा प्रदान गर्ने दायित्व वहन गर्नुपर्ने व्यवस्था प्रदान गरेको छ। यसै गरी जा'न डिवेले शिक्षा प्रणालीलाई समाजको वास्तविक आवश्यकतासँग जोड्नुपर्ने कुरामा जोड दिनुभएको थियो। उहाँका अनुसार शिक्षा जीवनका लागि होइन, जीवन नै शिक्षा हो। यससँगै नेपाल सरकारले शिक्षा ऐन, २०२८ मार्फत विद्यालय शिक्षा, व्यवस्थापन, पाठ्यक्रम र परीक्षामा सुधारका लागि कानुनी ढाँचा तयार गरेको छ। शिक्षा ऐन, २०७५ र आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७७ ले शिक्षाको गुणस्तर वृद्धि र सहज पहुँचमा जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले समावेशी र गुणस्तरीय शिक्षालाई मुख्य प्राथमिकतामा राख्दै बालबालिकाको पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ। अन्तर्राष्ट्रिय सन्धि र घोषणाहरूले पनि नेपालको शिक्षा क्षेत्रमा गहिरो प्रभाव पारेका छन्। मानव अधिकार घोषणा पत्र, १९४८ को धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने हकको ग्यारेन्टी गरेको छ। संयुक्त राष्ट्रसङ्घको सहस्राब्दी विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। यसै गरी बालअधिकार महासन्धि सन् १९८९ को धारा २८ ले शिक्षामा पहुँचलाई बालबालिकाको आधारभूत अधिकारका रूपमा मान्यता दिएको छ। यी कानुनी प्रावधानले शिक्षा क्षेत्रमा सुधारका लागि आवश्यक दिशानिर्देश उपलब्ध गराएका छन् तर कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनको अभाव देखिन्छ। उदाहरणका लागि, नेपालमा दुर्गम क्षेत्रमा विद्यालयको पहुँच कमजोर छ, गुणस्तरीय शिक्षकको अभाव छ र धेरै विद्यालयमा आवश्यक स्रोतसाधन तथा पूर्वाधारको कमी छ। यसको अतिरिक्त शिक्षाको राजनीतीकरण र नीति कार्यान्वयनको कमजोरीले शिक्षा प्रणालीलाई अझ कमजोर बनाएको छ।

शिक्षा क्षेत्रका चुनौती

शिक्षा सुधारको सबैभन्दा ठुलो चुनौती भनेको देशभर असमानताको अवस्था हो। हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रको भौतिक, आर्थिक र सामाजिक अन्तरले शिक्षामा ठुलो विभेद निम्त्याएको छ। उदाहरणका लागि, नेपालको दुर्गम गाउँमा अझै पनि धेरै बालबालिका विद्यालय बाहिर छन्। शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार, ग्रामीण क्षेत्रमा १५ प्रतिशत बालबालिका आधारभूत शिक्षा पनि पूरा गर्न नसक्ने अवस्थामा छन्। नेपालमा शिक्षा क्षेत्रमा समान पहुँच नहुँदा केही वर्ग र क्षेत्रका विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित छन्। ग्रामीण क्षेत्रमा बालबालिकाको विद्यालय जान सक्ने दर सहरभन्दा कम छ। विसं २०७९/८० को प्रतिवेदनबमोजिम गाउँमा प्राथमिक विद्यालय जान सक्ने दर ७४ प्रतिशत र सहरमा प्राथमिक विद्यालय जान सक्ने दर ९१ प्रतिशत छ। त्यसै गरी २०७९/८० को प्रतिवेदनबमोजिम शिक्षाको गुणस्तर अझै पनि चुनौतीपूर्ण रहेको छ। विद्यार्थीको सिकाइ क्षमता अपेक्षाभन्दा कम छ। विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति ७० प्रतिशत र विद्यालय छोड्ने दर प्राथमिक तहमा १४ प्रतिशत, माध्यमिक तहमा २३ प्रतिशत छ। साथै शिक्षकहरूको अभाव र गुणस्तरीय शिक्षकहरूको कमीले शिक्षाको गुणस्तरमा असर गरिरहेको छ। २०७९/८० को प्रतिवेदनबमोजिम प्राथमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ६५ प्रतिशत रहेका छन् भने माध्यमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ७० प्रतिशत छ। विद्यालयमा आवश्यक पूर्वाधारको अभावले विद्यार्थीको सिकाइ वातावरणमा असर गरिरहेको छ। विद्यालयको भवन अवस्था ४५ प्रतिशत विद्यालय मर्मत र सुधार गर्न आवश्यक छ। शौचालय सुविधाको अभाव ३० प्रतिशत विद्यालयमा शौचालयको अभाव रहेको छ। प्राविधिक र व्यावसायिक शिक्षाको अभावले रोजगार र उद्यमशीलता क्षेत्रमा समस्या गरिरहेको छ। प्राविधिक शिक्षा प्राप्त विद्यार्थीको स॰्या कुल विद्यार्थीको १५ प्रतिशत मात्र रहेको छ, जुन तोकिएको भन्दा एकदमै कम हो। अर्को चुनौती शिक्षाको गुणस्तर हो। नेपालको कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको बजेट न्यून रहेको छ। यस्ता न्यून बजेटले गुणस्तरीय शिक्षा दिन असम्भव हुन्छ। शिक्षामा रहेको पाठ्यक्रमले व्यावहारिकताभन्दा परम्परागत ज्ञानलाई मात्र जोड दिने गरेको छ। सामाजिक, आर्थिक पक्षमा पनि शिक्षा सुधारका लागि चुनौती छन्। गरिबी र बेरोजगारीका कारण धेरै अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउन नसक्ने स्थिति छ। यसमा डिजिटल शिक्षाको समयसापेक्ष माग भए पनि अधिकांश विद्यालयमा इन्टरनेट, कम्प्युटर र स्मार्ट कक्षाकोठा जस्ता सुविधा उपलब्ध छैनन्। अर्कोतर्फ बाल विवाह, बालश्रम र लैङ्गिक भेदभावले थप समस्या सिर्जना गरेका छन्।

समाधान र कार्यान्वयनका उपाय

शिक्षामा सुधारका लागि गुणस्तरीय कानुनी व्यवस्थाको कार्यान्वयन, स्रोतसाधनको समान वितरण र शिक्षालाई सर्वसुलभ बनाउनु अत्यावश्यक छ। अन्तर्राष्ट्रिय प्रचलन अनुसार, संयुक्त राष्ट्रसङ्घको शिक्षासम्बन्धी फ्रेमवर्क फर एक्सनले शिक्षा सबैका लागि सुलभ, समावेशी, र गुणस्तरीय बनाउन सदस्य राष्ट्रहरूलाई सिफारिस गरेको छ। नेपालले यस ढाँचालाई प्रभावकारी रूपमा अपनाउनु पर्छ। साथै शिक्षामा प्राविधिक र व्यावसायिक विषयको समावेश गर्नुपर्ने आवश्यकता छ। फिनल्यान्ड र सिङ्गापुर जस्ता देशले शिक्षामा प्रयोगात्मक र नवप्रवर्तनकारी विधि अपनाएर सफल भएका छन्। नेपालले यी अभ्यासबाट पाठ सिकेर आफ्ना पाठ्यक्रम र शिक्षण पद्धतिमा सुधार गर्न सक्छ। शिक्षामा डिजिटल उपकरणको प्रयोग, शिक्षकको तालिम र क्षमता अभिवृद्धि र विद्यार्थीको मनोविज्ञानलाई बुझेर शिक्षण पद्धति विकास गर्नु आवश्यक छ। कानुनी रूपमा व्यवस्था गरिएका शिक्षासम्बन्धी हक र सुविधा सबै नागरिकसम्म पुऱ्याउन सरकारले ठोस योजना बनाउनु पर्छ। संविधानले तोकेका प्रावधानको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न, शिक्षा मन्त्रालयले जिम्मेवार निकायलाई स्पष्ट भूमिका दिनु पर्छ। सरकारले शिक्षा क्षेत्रमा बजेट बढाउनु आवश्यक छ। युनेस्कोले सिफारिस गरे अनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा खर्च गरिनु पर्छ। विद्यालय सुधारका लागि स्थानीय सरकारको भूमिकालाई थप सशक्त बनाउनु पर्छ। गोरखापत्र अनलाईनबाट साभार

"किसानको उन्नती देशको प्रगती"
रंजितकार ईन्टरप्राईजेज
९८४१५६०६६५
क.न.पा.-६, १ नं. बजार, सिन्धुली, सर्म्पक नं. ०४७-५२११५८
मो. ९८४४०७५४७२, ९८६४१४१७८८, ९८४४०४२९९१



यहाँ सबै किसिमका मिल मेशिनरी, ट्र्याक्टर तथा पानी तान्ने पम्पको पार्टपुर्जाहरु सुपथ मूल्यमा पाईन्छ।

# जाडोमा बालबालिकालाई निमोनियाबाट यसरी जोगाऔँ




जाडो मौसम सुरु भएको छ। यो मौसममा विशेष गरी बालबालिकामा श्वासप्रश्वास, झाडापखाला र छालासम्बन्धी मुख्य गरी तीन समस्या देखिन्छ।

कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा रामहरि चापागाईंका अनुसार बालबालिकालाई सबैभन्दा बढी रुघाखोकी, श्वासप्रश्वासजन्य समस्या देखा पर्छ, यसका कारणले छातीमा समस्या देखियो भने निमोनिया हुन्छ।

एक अध्ययनअनुसार विश्वमा प्रत्येक वर्ष पाँच वर्ष मुनिका ९ लाख २० हजार बालबालिकाको निमोनियाको कारण मृत्यु हुने गर्छ। राहिनो, इन्फ्लुन्जा तथा रेस्पिरेटरी सिन्साईटीयल तीन थरी भाइरसका कारण निमोनिया हुन्छ।

### बालबालिका र श्वासप्रश्वासजन्य समस्या

चिसो मौसममा श्वासप्रश्वासजन्य रोग एकबाट अर्कोमा सर्ने हुँदा बालबालिकामा बढी समस्या देखिन्छ। जाडो मौसममा बालबालिकाहरू प्रायः धेरै एकै ठाउँमा बस्ने हुँदा सरुवाजन्यहरू रोग सर्ने गर्छ।

गर्मी याममा झैँ झ्याल ढोका खुल्ला नराखी बस्दा सङ्क्रमणजन्य रोगका कीटाणुले आक्रमण गर्ने सम्भावना उच्च हुन्छ। प्रायः जाडोमा सबै जना एकै ठाउँ गुजमुज्ज भएर बस्ने चलन हुन्छ। यसले श्वास प्रश्वाससम्बन्धी विभिन्न किसिमका कीटाणुहरूको सङ्क्रमण हुन्छ।

श्वासप्रश्वासमा समस्या गराउने जीवाणुहरू जाडो मौसममा लामो समयसम्म बाच्ने हुँदा पनि बालबालिकालाई बढी समस्या देखिन्छ। यस्तोमा बच्चालाई लुगा दुई/तीन वटा लगाइदिने तर, हातखुट्टा खुल्ला राख्दिने गर्दा पनि चाँडो बिरामी पर्छन्। बच्चालाई न्यानो लुगा लगाइदिएर उनीहरू बस्ने कोठा भने खुल्ला राख्नुपर्छ।

### कस्तो अवस्थामा अस्पताल जाने

बच्चालाई लामो समयसम्म रुघाखोकी लागेमा, चाँडो चाँडो छाती चली श्वासप्रश्वासमा समस्या भएमा, धेरै ज्वरो आउने भएमा चिकित्सकको सल्लाह लिएर मात्रै औषधि सेवन गराउनुपर्छ। अभिभावकले आवश्यकताभन्दा बढी बालबालिकालाई चिकित्सकको सल्लाह विना कफरिक ख्वाउने गरिन्छ। यो औषधि कम गुणस्तारको हुँदा विभिन्न देशमा स्वास्थ्यमा समस्या उत्पन्न समेत भएको थियो। त्यसरी औषधि नख्वाएर बच्चालाई अस्पताल लैजान डा चापागाईंको सुझाव छ।

### के निमोनिया दोहरिन्छ ?

एक पटक निमोनिया भएपछि पुनः निमोनिया हुन्छ भन्ने धेरैको बुझाइ छ। बालरोग विशेषज्ञका अनुसार एकपटक निमोनिया भएपछि अर्को पटक हुन्छ भन्ने भ्रम हो। रुघाखोकी जुन देशका नागरिकलाई पनि लाग्छ। नेपाल मात्र होइन, अमेरिकाका बालबालिकालाई पनि वर्षमा १०/११ पटक रुघाखोकी लाग्छ।

रुघाखोकी लागेको बच्चालाई खानपानमा ध्यान नदिँदा, राष्ट्रिय खोप कार्यक्रम अन्तरगतका खोप नलगाउँदा, बालबालिका कुपोषित हुँदा, रोगविरुद्ध लड्ने क्षमता कम हुँदा छातीमा सङ्क्रमण भएर निमोनिया हुन्छ।

यद्यपि एकपटक निमोनिया भएपछि पटक पटक निमोनिया हुँदैन। लामो समयसम्म कडा खालका औषधि सेवन गरेका बच्चाहरूलाई धेरै पटक निमोनिया हुन सक्छ। त्यसबाहेक एकपटक सानोमा निमोनिया भएका बच्चालाई खोकी लाग्दैमा निमोनिया हुन्छ भन्नु भ्रम पाल्नु मात्रै हो।

बालबालिकालाई खोकी लाग्नु, ज्वरो आउनु, घ्यार घ्यार हुनु, चाँडै चाँडै श्वास फेर्नु, बच्चा सुस्ता गतिमा चल्ने, खेल्ने, बोल्ने गर्नु, बच्चा नीलो हुनु लगायतका लक्षण देखियो भने निमोनिया हुन सक्छ।

### जुनसुकै रोगको उपचारः सरसफाइ

बालबालिकामा देखिने जुनसुकै रोगको उपचार भनेको सरसफाइ हो। गर्मीमा भन्दा जाडो मौसममा बच्चाहरूको सरसफाइ कम गरिन्छ। त्यसैले, बच्चाहरूलाई श्वासप्रश्वासको बढी समस्या हुने तथा अन्य रोगहरू लाग्छ। निमोनियाबाट बचाउनका लागि पहिला कुरा बच्चाहरूको सरसफाइमा ध्यान दिनुपर्छ। यस्तै, बालबालिकाको खानपानमा जति ध्यान दियो, त्यति नै रोग लाग्नबाट बच्चालाई बचाउन सकिन्छ।

### खोपले निमोनिया रोकिँदैन

निमोनियाको खोप लगाएर मात्रै निमोनिया हुनबाट बालबालिकालाई जोगाउन सकिँदैन। यदि बालबालिकालाई दादुरा विरुद्धको खोप नलगाइएमा उनीहरूलाई निमोनिया हुन सक्छ।

त्यसैले निमोनिया हुने सम्भावना कम गर्न बालबालिकालाई राष्ट्रिय कार्यक्रममा अन्तर्गतका सबै खोप लगाउनुपर्छ। बच्चाहरूलाई राष्ट्रिय खोप अन्तर्गतको ६, १० र १४ हप्ता हुँदा लगाउने एच इन्फ्लुन्जी बी लगाउनुपर्छ।

यस्तै बच्चालाई ६ हप्ता, १० हप्ता र ९ महिनामा दिइने पिसिभि खोप, परटुसिस खोप ९ र १५ महिनासम्म लगाउनुपर्छ। निमोनिया हुने सम्भावनाबाट बचाउन बच्चा ६ महिना पुरा भएपछि इन्फ्लुन्जाको खोप एक/एक वर्षमा लगाउन चिकित्सकहरू सुझाव दिन्छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार इन्फ्लुन्जा खोप सरकारको कार्यक्रमभित्र पर्दैन। यदि सम्भव छ भने बालबालिकालाई निमोनियाको खोप लगाइदिँदा पनि हुन्छ।

### चिसोबाट बालबालिकालाई जोगाउने

बालबालिकालाई चिसोबाट जोगाउन टाउको न्यानो बनाएर कान छोप्ने गरी टोपी तथा हातखुट्टामा चिसो नपस्ने गरी कपडा लगाइदिनुपर्छ। आमाले स्तनपान गराउँदा बच्चा न्यानो वा चिसो कस्तो छ, ख्याल गर्नुपर्छ। नवजात शिशुको हातखुट्टा, तालु छाम्दा आमाले चिसो भए नभएको थाहा पाउन सक्छन्।

प्रशस्त मात्रामा झोलिलो पदार्थ ख्वाउनु पर्छ। नियमित रूपमा बालबालिकालाई स्तनपान गराउनुपर्छ। जसले गर्दा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढी हुन्छ। आमाको दूधसँगै थप सन्तुलित पौष्टिक आहार पनि ख्वाउनु पर्दछ।

# चार लाख ६० हजार एचपीभी खोप नेपाल आइपुग्यो

● प्रभात समाचार

काठमाडौं ३ पुस / किशोरीलाई निःशुल्क लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन प्यापिलोमा भाइरस (एचपीभी) खोप आउन सुरु भएको छ।

स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाअन्तर्गत आपूर्ति शाखाका भ्याक्सिन तथा कोल्डचेन इकाई प्रमुख सञ्जीव कट्टेल अनुसार आगामी माघ २२ देखि सुरु हुन लागेको पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपीभी खोप अभियानका लागि पहिलो चरणमा चार लाख ६० हजारभन्दा बढी खोप आइपुगेको हो।

कट्टेलले यो अभियानका कूल १७ लाख ७० हजार २० भाइल खोपमध्ये पहिलो चरणमा चार लाख ६० हजार ९४० एचपीभी खोप नेपाल आइपुगेको जानकारी दिए। उहाँका अनुसार बाँकी खोप आगामी जनवरी १० भित्र आउने तालिका तय भएको छ। आइसकेका खोपहरुलाई प्रदेशस्थित आपूर्तिकेन्द्रहरुमा पठाउने उनले जानकारी दिए।

चिनियाँ कम्पनी इनोभ्याक्सले उत्पादन गरेको सिकोलिन ब्राण्ड एचपीभी खोप ग्लोबल एलायन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी) को सहयोगमा आएको हो।

सरकारले आगामी माघ २२ देखि फागुन ६ गतेसम्म अभियानका रुपमा १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ७६८ जना किशोरीले निःशुल्क एचपीभी खोप लगाउने लक्ष्य लिएको छ। नेपालमा वार्षिक करीव दुई हजार नेपाली महिलाको ज्यान पाठेघरको मुखको क्यान्सरबाट जाने विभिन्न अध्ययनले देखाएको छ।

### नाका खुलेको दुई वर्ष भयो, निर्यात शून्य

सिन्धुपाल्चोक ३ पुस / दुईतर्फी नाका खुलेको लामो समय हुँदासमेत तातोपानी नाकाबाट अहिलेसम्म चीनतर्फ निर्यात हुन सकेको छैन। नाका दुईतर्फी खुलेको करिब दुई वर्ष भइसकेको छ।

चिनियाँ व्यापारी, व्यवसायीले नेपाली वस्तुको माग नगरेका कारण निर्यात हुन नसकेको सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष उमेश प्रधानले जानकारी दिए। "विगतमा अत्यधिक नेपाली वस्तुको माग चिनियाँले गर्थे तर अहिले माग शून्य छ," उनले दुःखेसो पोखे। १७ साउन २०७१ देखि चिनियाँ पक्षले नेपाली वस्तु माग गरेको छैन। त्यसअघि बाँसका मुडा, तामाका भाँडाकुँडा, मूर्ति, नेपाली चाउचाउ, म्याट्रेक्सलगायतका नेपाली उत्पादित वस्तु चिनियाँले माग गरेपछि निर्यात हुन्थे। १० वर्ष हुँदा समेत कुनै पनि नेपाली वस्तु चिनियाँले माग गरेका छैनन्।

नेपाली वस्तुको माग चीनको स्वशासित क्षेत्र तिब्बतको खासा, ल्हासालगायतका सहरबाट आउँथ्यो तर अहिले कुनै पनि तिब्बती सहरबाट माग नआएको नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका अध्यक्ष रामहरि कार्कीले बताए। चीनबाट माग आएमा निर्यातका लागि नेपाली वस्तु तयारी हालतमा रहेको उनले जानकारी दिए।

चालु आर्थिक वर्ष २०८१/८२ मा एक रुपियाँको सामान पनि निर्यात नभएको तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालयले जनाएको छ। माग नै नआएपछि निर्यात हुन नसकेको हो। अझै पनि माग आउने आशामा नेपाली व्यापारी रहेका छन्। केही हप्ताअगाडि चिनियाँ पक्षले मूर्ति, तामाका भाँडाकुँडाको माग गरे पनि त्यसको फिक्स नभएको व्यापारीले बताएका छन्।

नेपाली वस्तु चीनतर्फ निर्यात नभए पनि चीनबाट नेपालतर्फ भने दैनिक २५ देखि ३० मालवाहक कन्टेनरमा सामान भित्रिरहेको अध्यक्ष कार्कीले बताए। साथै ठुलो परिमाणमा विद्युतीय सवारीसाधन पनि नेपालतर्फ आइरहेको छ। जिल्लाका ठुला, मझौला, साना ९५ प्रतिशत व्यापारी व्यवसायी तातोपानी नाका आबद्ध छन्।

अहिले उक्त नाकामा चिनियाँ वस्तु नेपाल भित्र्याउने कार्यमा तीव्रता आएको छ तर व्यापारी, व्यवसायीलाई आवास, होटेल, बैङ्कलगायतका समस्या रहेको छ। आयातमा वृद्धि भएसँगै राजस्व सङ्कलनमा पनि वृद्धि भइरहेको भन्सार कार्यालयले जनाएको छ।

## समयमा नै व्यक्तिगत घटना दर्ता गरौं

**जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइसराई जस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं।**

तिनपाटन गाउँपालिका, सिन्धुली

## आन्तरिक प्रयोजनको लागी काठ दाउरा बिक्रि बितरण सम्बन्धी सूचना

मितिः २०८१/०९/४ गते

श्री महाकाली सा.व.उ.स. हरीहरपुरगढी गा.पा. -७, सिन्धुलीको वन क्षेत्रबाट आ.ब. २०७९/०८० मा उत्पादन भई घाटगद्धि गरि राखिएको र जिल्ला आपूर्ति समितिलाई छुट्याएकोमा पूर्न समितिबाट उपभोत्ता समुहलाई फिर्ता भएको विभिन्न ग्रेडको साल गोलिया थान ५८ को ३१९.९७ क्यूफिट काठ र दाउरा ०.५० चट्टा समूहको आन्तरिक खपत, छिमेकी समुह भित्रका अन्य व्यक्ति समेतका लागी सामुदायीक वनको काठ दाउरा बिक्रि बितरण निर्देशिका २०७१ अनुसार विक्रि बितरण गर्नुपर्ने भएकाले यो ०७ (सात दिने) सुचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागी समुहको कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ।

श्री महाकाली सामुदायिक वन उपभोक्ता समुह
हरिहरपुरगढी गाउँपालिका ७ सिन्धुली

## बिमालेख हराएको सूचना

मिति २०८१ सालमंसिर ३ गते देखि यसियनलाईफ ईन्स्योरेन्स कम्पनि लिमिटेड बाट मेरो निम्ननाममाजारी भएको निम्नव्यहोरा भएको बिमालेख हराएकोले फेलापार्नु हुने महानुभावहरुलाई नजिकको प्रहरी कार्यालय,यसियनलाईफ ईन्स्योरेन्स कम्पनिको शाखाकार्यालय वानिम्न ठेगानामाबुझाई दिनु हुन अनुरोध छ।

नाम : जमुनागोले तामाङ
बिमालेख नं. : ६६१६००१३७५८
ठेगाना : तीनपाटन गाउँपालिका ५सिन्धुली
मो.९८६१८१५५२६




श्रेष्ठ ट्रेडर्स ०४७-५२११४१ / ९८५४०४५९९९
क.न.पा. ६, १ नं. बजार, सिन्धुली

# सम्पत्ति जफतको मुद्दामा स्वतः निलम्बन नहुने

काठमाडौँ ३ पुस / बिगो असुल तथा सम्पत्ति जफतको हदसम्म मात्र भ्रष्टाचार मुद्दामा प्रतिवादी कायम भएका राष्ट्रसेवक कर्मचारी अब स्वतः निलम्बन नहुने प्रबन्ध हुँदै छ। भ्रष्टाचार मुद्दा अदालतमा दायर हुनसाथ स्वतः निलम्बन हुने प्रचलित कानुनको व्यवस्था परिमार्जन गर्ने गरी संसद्को राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयकको प्रतिवेदन तयार पारेको छ। कांग्रेस सांसद हृदयराम थानी संयोजक रहेको उपसमितिले सोमबार सर्वसम्मत उक्त प्रतिवेदन पारित गरेको हो। अब प्रतिवेदन समितिमा पेस हुने छ। स्वतः निलम्बनको व्यवस्था संसद्ले वर्गीकरण गरेको छ। संसदीय उपसमतिले गरेको सहमति अनुसार कैद सजायसमेत दाबी गरिएको मुद्दामा भने निलम्बन हुने व्यवस्था यथावत् छ। यस्तै उपसमितिले अख्तियारले अहिले प्रयोग गर्दै आएका केही अधिकारलाई पनि कानुनी रूपमा नै व्यवस्था गर्ने गरी प्रतिवेदन तयार पारेको छ। उपसमितिले विशेष अनुसन्धान विधि र नवीन प्रविधिको अवलम्बन गर्न सक्ने व्यवस्था थप गरेको हो। जस अनुसार नियन्त्रित अनुसन्धान विधि (कन्ट्रोल डेलिभरी), गुप्त अनुसन्धान कारबाही ( अन्डर कभर अपरेसन) को अधिकार दिएको छ। यस्तै अदालतको अनुमतिमा टेलिफोन तथा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने व्यवस्था गरिएको छ। विधायिकाले अनुसन्धानका क्रममा व्यक्ति पक्राउको व्यवस्थालाई भने निरुत्साहित गरेको छ। आरोपितलाई निरन्तर निगरानीमा राख्ने तर तत्काल पक्राउ गरिनेछ।

गोरखापत्र अनलाईनबाट साभार

## गोलन्जोर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

### पदपुर्ति समितिको
### सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना।

**दोस्रो पटक प्रकाशित मिति : २०८१।०५।०४**

यस गोलन्जोर गाउँपालिकाको लागि तपशिलमा उल्लेखित पदमा करारमा कर्मचारी पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनभित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखामा नियमानुसार राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस गाउँपालिकाको मिति २०८१।०९।०३ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक पदहरुको विवरण**

| क्र स | विज्ञापन नं | पद/तह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०८१/०८२-१ | कृषि स्नातक (अधिकृत छैठौं) | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा कृषि विज्ञानमा स्नातक तह उत्तिर्ण | लिखित अन्तर्वार्ता | १०००। |
| २ | ०८१/०८२-३ | अ.हे.व. (सहायक स्तर चौथो) | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा सि. एम. ए.उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने । | लिखित अन्तर्वार्ता | ५००। |
| ३ | ०८१/०८२-४ | कार्यालय सहयोगी (श्रेणि विहिन) | २ | कम्तिमा ८ कक्षा उत्तिर्ण भएको हुनुपर्ने । | अन्तर्वार्ता | ३००। |
| ४ | ०८१/०८२-५ | नायब पशु सेवा प्राविधिक (सहायक स्तर चौथो) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस .एल.सी. उत्तिर्ण गरी न्युनतम १ वर्षे जे .टी.ए. पशुविज्ञान (पशुपालन,पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त गरी कृषि (पशुपालन,पशु स्वास्थ्य)विषय लिई टी.एस.एल.सी. उत्तिर्ण । | लिखित अन्तर्वार्ता | ५००। |

२.**दरखास्त दिनु पर्ने अन्तिम मिति : सूचना प्रकाशित मितिले ७ दिन भित्र।(दरखास्त दिनु पर्ने अन्तिम मितिमा शनिबार वा सार्बजनिक बिदाको दिन परेमा सो को लगतै भोलिपल्ट कार्यालय खुलेको दिन**)

३. **शैक्षिक योग्यता र अनुभव :**

१. **नेपाली नागरिक**

२. न्युनतम योग्यता नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपालको प्रचलित कानून बमोजिम न्युनतम शैक्षिक योग्यता सम्बन्धी उपाधि हासिल गरेको।

३.१८ वर्ष उमेर पुरा भई ३५ वर्ष तर महिलाको हकमा ४० वर्ष ननाघेको वा सम्बद्ध विषय र कार्यक्षेत्रसँग सम्बन्धित नेपालको कानूनले तोके बमोजिमको उमेर हद ननाघेको।

४. नेपालको प्रचलित कानून बमोजिम सम्बद्ध विषय र कार्यक्षेत्र तथा कार्य प्रकृति अनुसारको दर्ता हुनुपर्ने भनी तोकेको संस्थामा दर्ता भएको प्रमाण पत्र।

५. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको।

६. पारिश्रमिक गाउँपालिकाको नियमानुसार।

४. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु।**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

**संयोजक**
**पदपुर्ती समिति**


## वायु प्रदुषणको असर कम गरौं

➢ व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
➢ डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
➢ आँफूले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
➢ उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
➢ फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
➢ कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
➢ वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,
वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं ।स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आजको राशीफल

मेष - अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। तर प्रयत्न गर्दा स्थितिमा सुधार आउन सक्छ। शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला। दोहोर्‍याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ। आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। हडबड गर्ने बानीले पनि काम बिग्रन सक्छ।

वृष - परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। आवेशमा काम गर्दा विवादमा परिनेछ। दाजुभाइमा केही असमझदारी देखापर्न सक्छ। आफ्नो मिहिनेतबाट अरूले समेत फाइदा उठाउने चेष्टा गर्नेछन्। मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। लगनशीलताले अप्ठ्यारा परिस्थितिसमेत सहज बन्नेछन्।

मिथुन - अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बोलीको प्रभावले काममा फाइदा दिलाउनेछ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ।

कर्कट - काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। कामको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन्। बिछोडिएका आफन्तसँग भेटघाट होला। पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ। पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ।

सिंह - भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्। खर्च लागे पनि दिगो फाइदा हुने काम फेला पर्न सक्छ। चुनौती पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। टाढाका साथीभाइको सहयोग प्राप्त हुने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

कन्या - दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने आर्थिक साझेदारीबाट पनि राम्रो लाभ मिल्नेछ।

तुला - पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत पनि प्राप्त हुनेछ। तर, अरूका काममा जुट्नुपर्दा आफ्ना काम रोकिन सक्छन्। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। सामाजिक उत्तरदायित्व प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउनेछ। सानो प्रयत्नले लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

वृश्चिक - व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ र मिहिनेतले सफलताको उचाइमा पुर्‍याउनेछ। सानो प्रयत्नले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ, क्रियाशील रहनुहोला।

धनु - स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। सोचेको समयमा काम नबन्न सक्छ, दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। समस्या दर्साउँदा सहयोगीहरूको साथ पाइनेछ। प्रयत्न गर्दा गुमेको रकम जोगाउन सकिनेछ।

मकर - हाँसखेल र मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। आतिथ्यपूर्ण सत्कार पाइने समय छ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउन सक्छ। व्यवसायको सन्दर्भमा यात्रा हुनेछ। काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ। दिगो काम थाल्ने समय छ।

कुम्भ - स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ। हल्लाको पछि लाग्दा दुःख पाइनेछ। गोपनीयता बाहिरिनाले पनि काममा समस्या आइपर्ला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु र रोगबाट भने सजग रहनुपर्ला। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला।

मीन - अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ। तर प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। अध्ययनमा राम्रो उपलब्धि हासिल गर्न सकिनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ।


## आशिका स्कार्पियो सेवा

मनकामना, मुक्तिनाथ, कालिञ्चोक, पाथिभारा,दर्शन गर्न तथा विवाह लगाएत नेपाल भरि जुनसुकै ठाउमा जानको लागि स्कार्पियो चाहिएमा



इश्वर पुलामी
चालक : ९८४३३३७६५८
हरि बहादुर माझी
प्रो . ९८४४४२५२१०


प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmail.com, website : www.pravatsamachar.com, www.esajhanepal.com